राष्ट्रिय स्वास्थ्य बीमा(NHI): जापानमास्वास्थ्य सेवाको मेरुदण्डकोरूपमाकामार्ने प्रणाली

तपाईँर तपाईँकोपरिवारको सदस्य बिरामी भएको वा चोटपटकलागेको अवस्थामा यो प्रणालीले स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्दछ।

जापानमाबसोबासार्ने जो कोहीपनिराष्ट्रियता जुनसुकै भएपनि,सार्वजनिकस्वास्थ्य बीमा प्रणालीमा आबद्ध हुनअनिवार्य छ।बीमा अन्तर्गतको सुविधा प्राप्त गर्नकोलागि बीमा शुल्क (प्रीमियम)कोतिर्नु अनिवार्य भएतापनि,यो प्रणालीले तपाईँ रतपाईँकोपरिवारबिरामीभएमावा चोटपटलाग्दा, कम आर्थिकबोझसहितचिकित्सासेवामा पहुँचसुनिश्चितगर्दछ।


सार्वजनिक स्वास्थ्य बीमाकाफाइदाहरू

- तपाईँ अस्पताल वा क्लिनिकमाजानुपर्दा, तपाईँले सामान्यतयाकुलचिकित्साखर्चको 30% मात्र तिर्नुहुन्छ। बाँकी 70% बीमाले व्यहोर्ने भएकोले,तपाईँ आफैँले व्यहोर्नुपर्ने चिकित्साखर्चमा उल्लेखनीय कमीआउँछ।
- बीमाले तपाईँकोदैनिकजीवनलाई सुरक्षितराख्न, उच्च चिकित्साखर्च लागेका अवस्थामा आर्थिक सहायताप्रदान गर्ने लगायतकाथप कार्यक्रमहरूपनिउपलब्धगराउँछ।

तपाईँकोपेसा रउमेर अनुसारसार्वजनिकस्वास्थ्य बीमाकाप्रकारहरफरक हुन्छन्।राष्ट्रिय स्वास्थ्य बीमा मुख्यतया कर्मचारीहरूस्वास्थ्य बीमा वा 75 वर्ष वा माथिकव्यक्तिहरूकोलागि लागू हुने चिकित्साप्रणालीअन्तर्गत नपर्नेव्यक्तिहरूकालागि हो। स्वरोजगारमा संलग्न व्यक्तिहरू, विद्यार्थी, बेरोजगार व्यक्तिहरू तथा जापानमातीन महिनाभन्दाबढी बसोबासार्ने विदेशी बासिन्दाहरूलगायत यसबीमाकालागि योग्य व्यक्तिहरूले यो बीमामा अनिवार्य रूपमाआबद्ध हुनुआवश्यकछ।

राष्ट्रिय स्वास्थ्य बीमामासामेलहुनकसलाईआवश्यकछ?


यदितपाईँ जापानमाबसोबासार्नुहुन्छ रतल उल्लिखित मध्ये कुनैएकश्रेणीमा पर्नुहुन्छभनेतपाईँले राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुनु आवश्यकछ।



राष्ट्रिय स्वास्थ्य बीमाकोवित्तीय व्यवस्था कसरीगरिन्छ?

चिकित्सा खर्च कसरीव्यहोरिन्छ?

राष्ट्रिय स्वास्थ्य बीमा अन्तर्गतको चिकित्साखर्चकोव्यवस्था यसका सदस्यहरूतिरेकोबीमा शुल्क (प्रीमियम) रकरराजस्व सहितकासार्वजनिक कोषबाटगरिन्छ।राष्ट्रिय स्वास्थ्य बीमा प्रणाली अन्तर्गतको कुलचिकित्सा खर्चकोकरिब आधा(50%) हिस्सा सार्वजनिककोषबाटव्यहोरिन्छ।



यसबीमालेएउटा यस्तो प्रणालीको व्यवस्था गर्दछ, जसमासमग्र समाजले स्वास्थ्य सेवामा सहायतागुन्याउँदै व्यक्तिहरूमापर्ने भार कमगर्छन्।

राष्ट्रिय स्वास्थ्य बीमाद्वारा प्रदान गरिएको लाभहरू चिकित्सा सेवा प्राप्त गर्ने प्रक्रिया

यदितपाईं राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुनुहुन्छ भने, चिकित्सासंस्थाहरूमा बिरामी वा चोटपटकका लागि चिकित्साउपचार प्राप्त गर्दा स्वागत कक्ष(रिसेप्सनडेस्क)मा आफ्नो माइ नम्बरकार्ड वा स्वास्थ्य बीमा योग्यता प्रमाणपत्र देखाउनुहोस्। तपाईंले सामान्यतया चिकित्साखर्चको एक भाग (सामान्यतया 30%) मात्र तिर्नुपर्ने हुन्छ।

राष्ट्रिय स्वास्थ्य बीमा अन्तर्गत, तपाईंले निम्न लाभहरू प्राप्त गर्न सक्नुहुन्छ।

- चिकित्सासंस्थाहरूमा प्रदान गरिने परामर्श, उपचार तथा औषधि, प्रिस्क्रिप्शन जस्ता चिकित्सासेवाहरू
- अस्पतालमा भर्ना हुँदा लाग्ने भोजन खर्च
- उच्च चिकित्साखर्च सहायता सुविधा: यदि तपाईंले आफैं व्यहोर्नुपर्ने चिकित्साखर्चहरू अत्यधिक हुनपुगेमा, निर्धारित सीमाभन्दा माथिको रकम फिर्ता पाइन्छ।

राष्ट्रिय स्वास्थ्य बीमाका सदस्यहरूले बीमा प्रीमियम तिर्नुपर्छ।

बीमा शुल्क (प्रीमियम) तपाईंको अघिल्लो वर्षको आम्दानी र घरायसी परिस्थितिको आधारमा गणना गरिन्छ।
प्रीमियमको रकम र यसको गणना विधि नगरपालिका अनुसार फरक हुन्छ।

यदि तपाईंले आफ्नो प्रीमियम हरू भुक्तानी गर्नुभएको छैन भने, सम्बन्धित नगरपालिकाले तपाईंलाई तिर्नको लागि सम्झाउँदै सूचना पठाउनेछ।

यदि तपाईंले लामो समयसम्म भुक्तानी गर्नुभएन भने, तपाईंले निम्न बेफाइदाहरू सामना गर्नुपर्ने हुनसक्छ।

- तपाईंको सम्पत्ति जफत हुनसक्छ।
- तपाईंले प्राप्त गर्ने लाभहरू सीमित हुनसक्छन्। चिकित्सासंस्थामा आफैले सम्पूर्ण चिकित्साखर्च तिर्नुपर्ने हुनसक्छ। यस्तो अवस्थामा, केही सर्तहरू पूरा गर्नुभयो भने तपाईंले खर्च फिर्ता प्राप्त गर्न सक्नुहुनेछ।
- जापानमा आफ्नो बसोबासको अवधि वा आफ्नो बसोबासको योग्यता (भिसा) परिवर्तन गर्दा तपाईंले बीमा शुल्क (प्रीमियम) भुक्तानीको अवस्थालाई विचार गरिनेछ।

कृपया तोकिएको मिति भित्र आफ्नो प्रीमियम तिर्नुहोस्।

प्रश्नोत्तर

प्रश्न 1. मजापानसँग सामाजिक सुरक्षा सम्झौता भएको देशबाट जापान आएको हुँ। के मैले राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुन आवश्यक छ?

केही अवस्थामा, तपाईंले राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुन आवश्यक नहुनसक्छ। कृपया आफ्नो नगरपालिकाको राष्ट्रिय स्वास्थ्य बीमा कार्यालयमा सम्पर्क गर्नुहोस् र भर्ना हुनुपर्छ कि पर्दैन भनेर सोध्नुहोस्।

प्रश्न 2. मैले कामबाट अवकाश लिएर कर्मचारी स्वास्थ्य बीमा छोडेपछि राष्ट्रिय स्वास्थ्य बीमामा आबद्ध हुने म्याद कहिलेसम्म हुन्छ?

कृपया 14 दिनभित्र तपाईंको नगरपालिकाको राष्ट्रिय स्वास्थ्य बीमा कार्यालयमा आवश्यक प्रक्रिया पूरा गर्नुहोस्।

प्रश्न 3. मेरो बीमा प्रीमियम तिर्न गाह्रो हुँदा मैले के गर्नुपर्छ?

यदितपाईंलाई आर्थिक कारणले गर्दा बीमा शुल्क (प्रिमियम) तिर्न वा आफैले व्यहोर्नुपर्ने चिकित्साखर्च तिर्न कठिनाइ हइरहेको छ भने, तपाईंले छुट प्राप्त गर्न वा किस्ताबन्दीमा भुक्तानी गर्न सक्नुहुन्छ। यस्तो अवस्थामा, कृपया सकेसम्म चाँडो आफ्नो स्थानीय नगरपालिका कार्यालयसँग परामर्श गर्नुहोस्।



सम्पर्क जानकारी

तपाईंको नगरपालिकाको राष्ट्रिय स्वास्थ्य बीमा कार्यालय

【नगरपालिकाको नाम】 **橋本市保険年金課（はしもとしほけんねんきんか）**
【कार्यालयको फोन नम्बर】 **0736-33-1111**
【कार्यालय रहेको स्थान】 **橋本市東家1-1-1（はしもとしとうげ1-1-1）**

ひと、くらし、みらいのために
厚生労働省
Ministry of Health, Labour and Welfare